जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ३०, २०८१ फागुन २२ गते विहीबार, 6 March. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

छोराको हत्या आरोपी म्लोन दम्पती हिरासतमा

○ सहीखबर संवाददाता

मकवानपुर । अभिभावक नै आफ्नो सन्तानको हत्या आरोप खेप्दाको पीडा कस्तो होला, यो भोगिरहेका छन् मकवानपुर जिल्ला इन्द्रसरोवर गाउँपालिका ३ सिस्नेरीका एक दम्पत्ति ।

प्रहरी हिरासतमा बसेर उनीहरू न्यायलयको निर्णय कुरीर हेका छन् । अदुवाबारीका ६४ वर्षका मीनबहादुर म्लोन उनका पत्नी ६३ वर्षीया देवीमाया म्लोनलाई आफ्नै छोराको हत्या आरोपमा मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरी निगरानीमा रहेका उनीहरुलाई बुधबार जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा ल्याइएको हो। मकवानपुर प्रहरीको हिरासतमा राखेर म्लोन दम्पतीमाथि अनुसन्धान थालिने मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक (डीएसपी) श्यामु



अर्यालले जानकारी दिए।

उनीहरुमाथि आफ्नै ३१ वर्षीय छोरा भरतकुमार म्लोनलाई कुटपिट गरि हत्या गरेको आरोप लागेको छ। पारिवारिक बिवादमा कुटाकुट हुँदा तीनैजना घाइते भएका थिए। जसमध्ये भर तकुमारको अवस्था गम्भीर थियो। उनको उपचारको क्रममा शनिबार भर तपुर अस्पतालमा मृत्यु भएको हो।

यता, हत्या आरोप खेपेका म्लोन दम्पती भने हेटौंडा अस्पतालमा सामान्य उपचार पश्चात् थप उपचार गराउनका लागि भक्तपुर लगिएको थियो ।

भक्तपुर प्रहरीको निगरानीमा रहेर उपचार गराएका उनीहरुलाई आज मकवानपुर प्रहरीमा ल्याइएको हो। 'कुटपिटकै कारण मृत्यु भएको भन्ने आरोप छ। छानबिन गरेर ज्यान सम्बन्धी कसुरमा मुद्दा चल्छ,' डीएसपी अर्यालले भने, 'पहिला हामी उहाँहरुको स्वास्थ्य स्थिती हेर्छौं। त्यसपछि मात्रै अनुसन्धानको प्रक्रिया अघि बढ्छ।'

कुटपिटमा मीनबहादुर र देवीकुमारी पनि घाइते भएका थिए। भरतकुमार र बाबु आमाबीच सम्पती भागवण्डाको विषयमा प्राय: घरझगडा पर्दै आएको थियो। उक्त दिन पनि सोही विषयमा विवाद हुँदा कुटाकुट भएको थियो। मीनबहादुर र देवीकुमारीले छोरा भरतकुमारलाई थाममा बाँधेर कुटपिट गरेको अवस्थामा प्रहरीले फेला पारेको थियो। झगडा भएको थाहा पाएपछि छिमेकीहरुले इलाका प्रहरी कार्यालय, सिस्नेरीलाई खबर गरेका थिए। प्रहरी पुग्दा भरतकुमार अचेत अवस्थामा थिए भने म्लोन दम्पती पनि घाइते अवस्थामा भेटिएपछि प्रहरीकै गाडीमा राखेर उनीहरु तीनैजनालाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको थियो।

कुटपिटबाट आफ्नै जेठो छोरा गम्भीर घाइते भएपछि कार बाहीबाट जोगिन म्लोन दम्पतीले आँखामा धुलो खुर्सानी छरेका कारण मान्छे चिन्न नसकेको बहाना बनाएका थिए। गत शुक्रबार साँझ म्लोन दम्पती र छोरा भर तकुमारबीच झगडा भएको थियो । घर झगडा हुँदा बाबु आमाले कुटपिट गर्दा भरतकुमार को टाउको फुटेको र मस्तिष्कमा रगत जमेको भरतको शनिबार मृत्यु भएको थियो। उनको शव माइलो भाइ नवराज म्लोनले बुझेर दाहसंस्कार गरिसकेका छन् ।

भाषा, पहिचान र अस्तित्व संकटमा परेकोमा चिन्तित छन् माझी समुदाय

लदीमा नदी पुज्दै माझीहरू



○ सहीखबर संवाददाता

मकवानपुर । प्रकृति पुजक माझि समुदायले नदीलाई श्रृगार गरेर बेहुली झै बनाए, बस्तिका माझीहरू भेला भए, अनि पूजाको माहोल बनाए ।

नदी किनारामा माझी मात्रै हैन अन्य समूदायकाहरूको पनि बाक्लो उपस्थिति र चलहपल छायो । यो चलपलको स्थान थियो मकवानपुर जिल्ला बकैया गाउँपालिका ६ जुडनाको सिमात खोला ।

बालबालिकादेखि वृद्धासम्म कालो मखमलको चोली र खट्टारको धोतीमा सजिएका थिए। गलामा चाँदीको जन्तर, शिरमा शिरबन्दी, कम्मरमा पहँलो पटुकी र कपालमा लरक्क लर्काएर बाँधिएको कपालमा रातो धागोमा सजिएका थिए उनीहरु।

यता, बालकदेखि वृद्धाहरुको पनि उस्तै पहिचान झल्कने पोशाकमा चट्ट परेका थिए। सेतो कछाडमा सजिएका उनीहरु सबैको शिरमा डुंगाको छाप लगाइएको फेटा गुथेका थिए। उनीहरु जसरी चट्ट सजिएका थिए, त्यसरी नै चिटिक्क बनाइएको थियो। खोलावरिपरि रहेका माझीको घर पनि हिन्दू नेपालीले मनाउने दशैं पर्व झल्किने गरी रङरोगन गरी चिटिक्क बनाइएको देख्न सकिन्थ्यो।

बिहानै यहाँका माझीहरु सिमात खोलामा पूजाका लागि जम्मा भए। पूजा गरेर बली चढाउनका लागि बोका, कुखुरा, परेवा सहित खोलामा पुगेका उनीहरुले नदीसँग माफ माग्दै आरधना गरे। पूजाको मुख्य पुजारीको भूमिकामा भने ६५ वर्षीय मंगलदास माझी थिए। उनले खोलामा नुहाएर विधिवत् रूपमा पूजा आरधना गरे। अन्य समयमा माछा मार्नका लागि मात्रै पुग्ने बकैया ६ जुडनाको सिमात खोलामा यसरी जम्मा भएर सामुहिक पूजा आरधनामा सहभागी भएका उनीहरुमा छुट्टै रस झल्किएको थियो।

सधैं खोलामै माछा मारेर जीविका चलाउने माझी समुदायहरु आजको दिन सोही खोला र नदीलाई पुज्ने गर्छन्। वर्षदिनभरी चलाएको नदीलाई आराम दिँदै पूजा आरधना गरिएको पतिराम माझीहरु बताउँछन्। पछिल्लो समय मनाइन थालेको लदी पर्वमा उत्साह देखिएको स्थानीय माझी बताउँछन्। पहिले/पहिले लदी पूजा गरे पनि पुरोहित आफैले गर्ने र यसरी तामझाम गर्ने चलन नभएकोमा पछिल्लो समय मुख्य पर्वकै रूपमा मनाउन थालेपछि भने छुट्टै रमाइलो हुने गरेको उनी बताउँछन्।

'हुन त हाम्रो संस्कृति नै हराउन लागेको हामीहरु आफैलाई भान भएको छ,' पतिरामले भने, 'हामीले दशैं मनाउन छोड्यौं। माझीले मुख्य पर्वको रूपमा लदी मनाउने भन्ने निर्णय भएदेखि हामीले हरेक बर्ष फागुनको तेस्रो मंगलबार यो पर्व मनाउँदै आएका छौं। तर पनि भाषा र परम्परा जोगाउन भने समस्या नै छ।'

उनका अनुसार पतिराम आफै पनि माझी भाषा बोल्न जान्दैनन्।

उनका आमा/बुवाले पनि यो भाषा विरलै बोल्ने भएका कारण आफूले माझी भाषा टिप्न नसकेको उनी बताउँछन्।

प्रकृति नै पानीबाट सिर्जना भएकाले पानीको पूजा गर्दा प्रकृति खुसी हुने माझी समुदायको विश्वास छ।

'पानीबिना हामी बाँच्न सक्दैनौं, हाम्रो पेशा नै पानी बनेको छ,'स्थानीय गमला माझीले भनिन्, 'माछा मारेरै हामी जीविका चलाउँछौं। हाम्रो भगवान नै जल हो। जीवनमा गाह्रो परे हामीले खोलालाई भाकल गर्छौं, खोलाको पूजा गर्छौं।'

यो पर्व मनाउँदै खोला पूजा गर्दा अन्नपात र बोटबिरूवामा लागेको कीरासमेत तन्त्रमन्त्रबाट भाग्ने माझी समुदायको विश्वास छ। मौलिक माछा मार्ने पेसा पनि क्रमश: लोप हुँदै गए पनि मौलिक धर्मलाई मान्न थालिएको माझीहरुको मनाइ छ। तान्त्रिक धर्म मान्दै प्रकृति पूजा गर्ने सीमान्तकृत माझी समुदायलाई सरकारले मिन्न धर्म मान्ने समूहमित्र राखेको जानकारहरु बताउँछन्।

माझीहरुले लदीपर्व मनाए पनि पूजा गर्नका लागि परोहितकै अभाव हुने स्थिती सिर्जना भएको उनीहरुकै गुनासो छ। गाउँमा पूजा गर्ने पुरोहित नपाइने स्थिती देखिए पछि विदेशबाट फर्किएका नरबहादुर माझीले आफ्नो संस्कृति जगेर्ना गर्नकै लागि आफूले पुरोहित पढेको बताउँछन्। अहिले उनी माझी पुरोहित संघको केन्द्रीय सदस्य समेत रहेका नरबहादुर आफ्नो गाउँमै माझी पूजारीको अभाव खड्कन थालेपछि संरक्षणका लागि पुरोहित सिकेको बताउँछन्।

लोप हुँदै गएको लदी पर्व नेपाल माझी उत्थान संघले २०५५ सालमा सिन्धुलीको कोपिलाकोट गाविसस्थित मरिङ खोलामा पूजा गरेर पुन: सुरू गरेका थिए। हाल भने देशका विभिन्न जिल्लाहरुमा यो पर्व मनाइँदै आएको छ।

संस्कृति जगेर्ना गर्न सामूहिक पूजा

त्यसोत, पछिल्लो समय माझी समुदायको भाषा, पहिचान र अस्तित्व नै संकटमा छ। प्राय: खोला, नदी नजिक बसोबास गर्ने माझीहरुको बासस्थान परिवर्तन हुन थालेको छ। माझी समुदायका पछिल्ला पुस्ताहरुलाई मात्रै होइन, अघिल्ला पुस्ताहरु समेतमा माझी भाषाको ज्ञान छैन।

हुनत, माझी समुदायको हक हितका लागि विभिन्न संघ संस्थाहरु पनि सक्रिय छन्। माझी समुदायको पहिचान, भाषा र संस्कृति संरक्षणकै लागि यसरी सामुहिक रूपमा पूजाआर धना गर्ने कार्यक्रम राखिएको नेपाल माझि उत्थान संघ केन्द्रीय समितिको दाबी छ।

'माझीको अस्तित्व खोज्न, पहिचान जोगाउन र संस्कृति संर क्षण गर्नकै लागि यो कार्यक्रमको अयोजना गरिएको हो,' नेपाल माझि उत्थान संघ केन्द्रीय समितिकी अध्यक्ष चिनीमाया माझीले भनिन्, 'यसरी प्रदेशका १३ वटै

बाँकी पेज ३ मा

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

अपराध उन्मुख सोच

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका निवासी एक दम्पति आफ्नो छोराको हत्या आरोपमा अहिले हिरासतमा छन्। आमाबुबा र छोराबीचको दोहोरो भिडन्तमा घाइते भएका छोराको उपचारको क्रममा मृत्यु भयो । घाइते भएका आमा बुबाको स्वास्थ्य लाभपछि अस्पतालले रिफर गरे लगत्तै प्रहरीले अदालत पेश गरेको छ । बुधबार जिल्ला अदालतबाट म्याद थपेर उनीहरूलाई हिरासतमा राखिएको छ । यो घटनाको बारेमा अनुसन्धान हुँदैछ, अदालती प्रक्रियामा रहेकोले यसमा अहिले बहस गर्ने समय छैन। तर समाजको अवस्था यस घटनाबाट अन्दाज गर्ने सकिन्छ ।

समाजमा आपराधिक घटनाहरु डरलाग्दो रुपमा बढिरहेका छन्। हत्या, हिंसा, बलात्कार, चोरी, डकैती जस्ता जघन्य अपराधहरुले समाजको शान्ति र सुरक्षालाई खल्बल्याएको छ। यसले हाम्रो सामाजिक संरचना र सुरक्षामा गम्भीर प्रश्नहरु खडा गरेको छ। बेरोजगारी, गरिबी, शिक्षाको कमी, सामाजिक असमानता र नैतिक मूल्यमान्यतामा देखापरेको ह्रासका कारण यस्ता अपराधिक गतिविधिहरू हुने गरेका देखिन्छ । प्रविधिको दुरूपयोग,सामाजिक सञ्जालको नकारात्मक प्रभाव र कमजोर कानुन कार्यान्वयनले आपराधिक गतिविधिहरुलाई प्रश्रय दिइरहेको छ। युवाहरुमा बढ्दो निराशा, महत्वाकांक्षा र धैर्यताको कमीले व्यक्तीलाई अपराधको मार्गमा धकेलिरहेको छ। अर्कोतर्फ,राजनीतिक अस्थिरता र कमजोर शासन व्यवस्थाले पनि अपराध नियन्त्रणमा चुनौती थपेको छ।

अपराध नियन्त्रणका लागि सरकार,नागरिक समाज र प्रत्येक नागरिकले आ आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। सरकारले कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउनुका साथै, सामाजिक न्याय र आर्थिक समानता कायम गर्न विशेष ध्यान दिनुपर्छ। शिक्षा र रोजगारीका अवसरहरु सिर्जना गरी युवाहरुलाई सकारात्मक मार्गमा डोऱ्याउनुपर्छ। नैतिक शिक्षा र सामाजिक सचेतना अभियानहरु सञ्चालन गरी समाजमा सकारात्मक परिवर्तन ल्याउनुपर्छ। नागरिक समाजले पनि जनचेतना अभिवृद्धि गर्ने, पीडितलाई सहयोग गर्ने र सरकारलाई खबरदारी गर्ने भूमिका निर्वाह गर्नुपर्छ। प्रत्येक नागरिकले जिम्मेवार हुँदै समाजमा सकारात्मक योगदान गर्नुपर्छ, जसले सामाजिक अपराधलाई न्यूनिकरण गर्न सकोस् ।

जीवन दिने, देश बचाउने रगतको कथा



गोविन्द खड्का



रगत, जसले जीवनलाई गति दिन्छ र अस्तित्वलाई धान्छ। सृष्टि र बलिदान, यी दुवैका लागि रगत अनिवार्य छ। जीवन दिन पनि र देश बचाउन पनि।

यो केवल शरीरभित्र बग्ने तरल पदार्थ मात्र होइन, यो हाम्रो इतिहास, संस्कार, र भविष्यसँग गहिरो रुपमा गाँसिएको छ। यो रगतले हाम्रो शरीरलाई जीवन्त मात्रै राखेको छैन, जीवनका नयाँ अध्यायहरु पनि लेखिएका छन्।

माघ १६ सहिद दिवस। शुकराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको सम्झनामा मनाइन्छ, जसले आफ्नो रगतबाट स्वतन्त्रताको नयाँ बिहान रचिदिए। तर सोच्नुहोस्, जीवनको आरम्भ पनि रगतबाट हुन्छ त्यो हो महिनावारीको रगत।

आज म देश बचाउने रगतप्रति सम्मान र सम्झना गर्दै जीवन दिने महिनावारीको रगतको कथा लिएर आएको छु।

सहिदको रगतले देशको भाग्य बदल्यो। तर, महिनावारीको रगतले जीवनको सुरूवात गऱ्यो, ती सहिदहरुको जन्म दियो। महिनावारीको रगतले नयाँ जीवन जन्माउने आधार हो भने सहिदको रगतले नयाँ युग जन्माउने आधार हो।

महिनावारीको रगत: सृष्टिको पहिलो चरण

महिनावारीको रगत प्रकृतिको चमत्कार हो। यो मानव जीवनको प्रारम्भिक स्रोत हो। महिनावारीको यही रगत हो, जसले नयाँ जीवनलाई गर्भमा बस्न र फक्रिनको लागि आधार तयार गर्छ। स्थान दिन्छ। महिनावारीको रगतले कुनै पनि मानव जीवनको पहिलो चरणको प्रतिनिधित्व गर्छ।

यो सफा छ, शुद्ध छ, पवित्र छ। सहिदहरु जस्तै सयकरोडौ जीवन दिएको छ। संसारलाई चलाएको छ सहिदको रगतले देशको भविष्य रोप्छ। महिनावारीको रगतले जीवन रोप्छ। महिनावारीको रगत जीवनको प्रारम्भ हो।

'सहिदहरुले आफ्ना सपनाहरु र शरीरका रक्तकणाहरुलाई देशको माटोमा मिसाएर प्रजातन्त्रको उज्यालो ल्याए। सहिदको रगतले बलिदानको बीज छरेर नयाँ युगको सुरूवात गऱ्यो। देशको इतिहासमा परिवर्तन ल्यायो। महिनावारीको रगतले जीवनको बीउ रोपेर नयाँ संसारको सुरूवात गरिरहेको छ।'

रगतको प्रतीकात्मकता

महिनावारीको रगत र सहिदको रगत दुबै रक्तका स्वरुप फरक भए पनि यी दुवै मानव अस्तित्व र परिवर्तनसँग जोडिएका छन्। यी दुवै रगत रातै छन्। जसले साहस, पवित्रता, र शक्ति झल्काउँछ।

महिनावारीको रगतलाई अपवित्र मान्ने समाजले सहिदको र गतको मूल्य कत्तिको बुझ्छ होला? जीवनलाई जीवन्त राख्ने र गतलाई जबसम्म हामी सम्मान गर्दैनौं, तबसम्म सहिदको बलिदानलाई पूर्ण रुपमा सम्मान दिन सकौला र?

रगतको यो विम्बात्मक यात्राले हामीलाई जीवन, संघर्ष, र बलिदानको मूल्य सम्झाउँछ। महिनावारीको रगत र सहिदको रगतले समाजलाई जीवन्त राख्न र सुधार गर्न प्रेरणा दिएको छ। यसैले, यी दुवै रगतको सम्मान गरौं, किनभने यो जीवन र स्वतन्त्रताको सार हो।

महिनावारीको रगत र सहिदको रगत यी दुवै जीवनका आधार हुन्। एकले जीवनलाई सुरूवात गर्छ, अर्कोले जीवनलाई र क्षा गर्दछ। दुवै पवित्र छन्, दुवै मूल्यवान् छन्। समाजले सहिदको रगतप्रति सम्मान गर्दै उनीहरुले देखाएको बाटो पछ्याउनु पर्छ। महिनावारीको रगतप्रतिको सोच बदल्नुपर्छ।

यी रक्तका विम्बहरुले हामीलाई सृष्टि र संघर्षको मूल्य

Dignified Menstruation

रगत, चाहे जीवनको सुरुवातको होस् या स्वतन्त्रताको मूल्यको, सधैं पवित्र र सम्माननीय छ। सहिदहरूको बलिदानको सम्मान गरौं र महिनावारीप्रतिको गलत धारणा हटाउँदै यसलाई पवित्रताको प्रतीक बनाऔं। त्यसैले, आउनुस्, जीवन र स्वतन्त्रताको यी दुई प्रतीकलाई सम्मान गर्दै, आज माघ १६ को दिन सहिदहरूलाई सम्झौं र महिनावारी रगतप्रतिको गलत धारणा बदलौं।

सम्झाउँछन्। महिनावारी र सहिदको रगतलाई समाजले समान रुपमा पवित्र मान्नुपर्छ। एकले संसारलाई निरन्तरता दिन्छ भने अर्कोले संसारलाई सुरक्षित राख्छ।

सहिदको रगतले जसरी नयाँ परिवर्तनको सुरूवात गर्छ त्यसैगरि महिनावारीको रगतले नयाँ जीवनको सुरूवात गर्छ। यदि सहिदको बलिदानले देशलाई जन्म दिएको हो भने महिनावारीले मानव जातिलाई जन्म दिएको हो। महिनावारीको रगतलाई अपवित्र मान्ने र सहिदको रगतलाई सम्मान गर्ने समाजले आफैंभित्रको विरोधाभास बुझ्न जरूरी छ।

रगत, चाहे जीवनको सुरूवातको होस् या स्वतन्त्रताको मूल्यको, सधैं पवित्र र सम्माननीय छ। सहिदहरुको बलिदानको सम्मान गरौं र महिनावारीप्रतिको गलत धारणा हटाउँदै यसलाई पवित्रताको प्रतीक बनाऔं। त्यसैले, आउनुस्, जीवन र स्वतन्त्रताको यी दुई प्रतीकलाई सम्मान गर्दै, आज माघ १६ को दिन सहिदहरुलाई सम्झौं र महिनावारी रगतप्रतिको गलत धारणा बदलौं।

दुवै रगत पवित्र छन्। महिनावारीको रगत र सहिदको रगत जीवन र बलिदानका दुई कथा हुन्। यी दुवैले संसारलाई जिउँदो राखेका छन् ।

नेपालखबरबाट साभार

खेलकुद पूर्वाधारका सम्पत्ती खोजी गरिरहेका छौं: मन्त्री महर्जन



◯ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले प्रदेशका सबै जिल्लामा रहेका खेलकुद पूर्वाधारहरूको सम्पत्ती खोजी गरिरहेको बताएका छन् । मकवानपुरको हेटौडा उपमहानगरपालिका वडा नम्बर १४ मा युनिक बक्सिङ क्लब भवनको शिलन्यास कार्यक्रममा मन्त्री महर्जनले यस्तो बताएका हुन् ।

मन्त्री महर्जनले बागमती प्रदेशका १३ जिल्लामा रहेका पूर्वाधारहरू र सम्पत्तीको आफूले अध्ययन गरिरहेको बताए । 'हामीले सबै जिल्लाका पूर्वाधार सहितका सम्पत्तीको खोजी गरिरहेका छौं' उनले भने 'ति कस्तो अवस्थामा छन् जानकारी समेत लिने काम शुरू भएको छ ।'

उनले खेलाडीहरूका लागि छात्राबास र मार्सल आर्टको सुविधासम्पन्न भवन निर्माणको योजना बनाएको बताए ।

हेटौंडा ६ स्थित गौरीटार रंगशाला मित्र निर्माण भएका पुर्वाधारहरूको उचित उपयोग हुन नसकेको प्रति लक्षित गर्दै मन्त्री महर्जनले भने 'यहाँका खेल पूर्वाधारहरू मनोमानी ढङले बनेका तथा चलेका भन्ने सुनेको छु । खेलाडी उत्पादन गर्ने मात्रै ठाउँ हो अरू गर्ने छुट छैन् । 'विगतमा सामाजिक विकास मन्त्रालयमित्र खेलकुद राखिएको भए पनि युवा तथा खेलकुद मन्त्रालय छुट्टै भएको छ, अब खेल क्षेत्रको व्यवस्थित विकासका लागि काम गर्नु पर्छ' उनले भने ।

उनले खेलकुद सँगै यूवा स्वरोजगार कार्यक्रमलाई समेत व्यवस्थित रूपमा अघि बढाउने बताए । जिल्लामा रहेका खेलकुदका भौतिक सम्पत्तीलाई खेलाडी र युवाको उपयोगमा ल्याउने गरी योजना अघि सारिएको उनले जनकारी दिए ।

उक्त भवनको आगामी तीन महिनामित्रै निर्माण सकिने बागमती प्रदेश खेलकुद परिषद्का सदस्य सचिव दिपक लामाले बताए । 'खेलकुद परिषद्को युनिक बक्सिङ क्लब भवनको शिलान्यास हुनु हाम्रा लागि खु:शी हो} उनले भने ।

हेटौंडा उपमहानगरपालिकाको २५ लाख रूपैंया लागतमा युनिक बक्सिङ क्लबको भवन निर्माण गर्न लागिएको हो ।

हेटौंडामा राप्रपाको र्‍याली



◯ सहीखबर संवाददाता

मकवानपुर । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले हेटौंडामा मोटरसाइकल र्‍याली निकालेको छ । संघीय संसदमा राजा ज्ञानेन्द्रका विरूद्ध अपशब्दको प्रयोग गर्ने नेताहरुको विरूद्धमा बृहत मोटरसाइकल र्‍याली निकालिएको पार्टीले जनाएको छ ।

पार्टी कार्यालयबाट सुरू भएको मोटरसाइकल र्‍याली सानोपोखरा, ओममभवन, शितलमहल चोक, बसपार्क, एसपी कार्यालय र लोकप्रिय चोक हुँदै सीमाचोकमा कोणसभामा परिणत भएको थियो ।

राप्रपा हेटौंडा नगर अध्यक्ष अरूण लामाले देशको अवस्था बदल्न, व्यवस्था बदल्न राप्रपाले र्‍याली निकालेको बताए ।

'देशका आम जनता आहात भएकाले व्यवस्था बदल्न सडकमा आएका छन्' उनले भने । देशले परिवर्तन खोजेको बताउदैं व्यवस्था बदल्न खोजेकोले संघीयता खारेजी गर्नु पर्ने आवाज उठेको उनले बताए । देशभित्रका बेथिति विरूद्ध राप्रपाले राजा ज्ञानेन्द्रको पुन:वहालीका लागि चरणबद्ध आन्दोलनका कार्यक्रम गर्दै आएको उनले बताए ।

राप्रपा महिला संगठन केन्द्रीय सचिव सरस्वती थिङले अहिले राज्यले गरेका गतिविधिहरूको बारेमा सजग गराउन र आम नागरिकलाई देशमा भइरहेको विकृति, विसंगती र अराजकता चिर्न र्‍याली निकालिएको बताइन् । उनले हिन्दु राष्ट्र कायम, राजसस्था पुनस्थापना, भष्ट्राचार नियन्त्रण नभएसम्म राप्रपाका आन्दोलनका कार्यक्रम यथावत रहने जानकारी दिइन् ।

लदीमा नदी पुज्दै ...

जिल्लाका माझीहरुलाई एकैस्थानमा मेला गरेर पूजा गर्ने, सांस्कृतिक कार्यक्रम गर्ने र सामूहिक भोजको आयोजना गर्नु नै माझी समुदायको हित र संरक्षणका लागि हो।'

माझी नेतृत्वमा पुग्न सकेनन् : आदीवासी जनजाति आयोग नेपाल सरकारले सुचिकृत गरेको ६० आदिवासी जनजातिमध्येको माझी पनि एक हो। राष्ट्रिय जनगरणा २०७८ को तथ्यांक अनुसार देशभर माझीको जनसंख्या १ लाख ११ हजार ३५२ छ। तर पनि माझी समुदायहरु संघीय

संरचनामा प्रतिनिधित्व गर्ने तहमा अझै सन्तोषजनक सहभागीता नरहेको आदीवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगर बताउँछन्।

माझी समुदायका व्यक्तिहरु शिक्षाको अभावका कारण र राजनीतिक रूपमा अघि बढ्न नसक्दा उनीहरुको सहभागीताका कमी हुन गएको उनको दाबी छ। यद्यपि, माझी समुदायलाई अन्य जाति सरहै अघि बढाउनका लागि राज्यले विभिन्न योजनाहरु अघि बढाएको र आउँदा दिनहरुमा उनीहरु नेतृत्व तहमा पुर्याउन आदीवासी जनजाति आयोगले सहजिकरण गर्ने आयोगका अध्यक्ष थापामगरको भनाइ छ।

बागमतीमा कति छन् माझी

२०७८ सालको जनगरणा अनुसार नेपालमा माझीको जनसंख्या १ लाख ११ हजार बढी छ। देशका ७७ जिल्लामध्ये ६३ जिल्लामा माझी समुदायको बसोबास छ। जसमध्ये बागमती प्रदेशमा मात्रै ४१ हजार ६७१ माझी छन्।

प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा बढी माझीको बसोबास भने सिन्धुलीमा छ। यहाँ १० हजार ८७३ माझीहरुको बसोबास रहेको २०७८ को जनगणनामा उल्लेख छ।

यस्तै, सिन्धुपाल्चोकमा ७ हजार ३३५, र सुवामा १०, नुवाकोटमा ५३४, काठमाडौंमा ५ हजार ३२९, भक्तपुरमा १ हजार ४, ललितपुरमा १ हजार ६४६, काभ्रेमा ३ हजार ९४९, रामेछापमा ६ हजार २८८, मकवानपुरमा ३ हजार ४८३, चितवनमा १ हजार ३२०, धादिङमा ५७८ र दोलखामा ४३२ माझीको जनसंख्या रहेको छ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध

डढेलोबाट वन जोगाऔं । अमूल्य वन सम्पदाको संरक्षण गरौं । सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षती समेत पुग्याउन सक्ने हुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई (वन ऐन-नियम अनुसार ३ वर्ष कैद वा ६) हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन कार्यालय,
हेटौंडा,मकवानपुर

चलचित्र 'मायावी' कमजोर कथामा बनेको चलचित्र



○ आरपी गुरागाईं

गत फागुन १४ बाट नेपाली चलचित्र एकसाथ प्रदर्शनमा आए । ती मध्येको एउटा चलचित्र हो मायावी । मायावी भन्ने वित्तिकै मायाको कुरा जोडिएर आउँछ । पुरै चलचित्रको कथा पोखराको सेरोफेरोमा घुमेको छ । पोखराको पनि लेकसाइड केन्द्रमा छ चलचित्र, जहाँ मुख्य पात्र जोय (पल शाह) सामन्य परिवारको तथा आफ्नो रेस्टुरेन्टमा काम गर्छन्।

परिवारका सदस्यले विवाहको कुरा गर्दा उनी सुन्दर केटीको खोजी रहेको बताउँछन् । उनी साइकल चढेर ढुल्छन । मन्दिरमा भजन गाउँछ । सानो पसलमा चिया बेच्ने अनि बाटोघाटोमा युवतीहरुलाई जिस्काउदै हिड्ने पात्र जोय । सुन्दर केटीको कल्पना गर्दै जादाँ संयोगवश डाक्टर आर्या (दीपिका प्रसाईं) को गाडीमा साइकल ठोक्किन्छ । त्यहीबाट सुरु हुन्छ चलचित्रको कथा ।

फितलो जिस्काइ सँगै कथा (एक तफी प्रेम) को सुरुवात हुन्छ । तर आर्यालाई प्रभावित पार्न कम्मर कसेर लागेकै बेलामा उनी पहिल्यै आदित्य भट्टराईसँग विवाहको तयारीमा रहेको खुल्छ करिब चलचित्रको मध्य तिर । अकीतर्फ, जोयका साथीहरू सुशील (जो अपाङ्गता भएका व्यक्ति हुन) र करिश्माबीच प्रेम सम्बन्ध हुन्छ । तर फिल्मको मुख्य सस्पेन्स आर्याले जोयलाई रोज्छिन् कि आदित्यलाई ? अनि सुशील र करिश्माको प्रेम सफल हुन्छ कि असफल ? यसैमा टिकेको छ। निर्देशकले यसलाई फिल्ममा सस्पेन्सको रूपमा प्रयोग गर्न खोजेका छन् ।

फिल्मले प्रेम केवल भौतिक सुख सुविधालाई मात्रै हेरेर मात्र हुन्न भन्ने सन्देश दिन खोजेको छ । प्रेममा त्याग हुनुपर्छ भन्ने प्रेरणादायी सन्देश प्रवाह गर्न खोजेको भए पनि चलचित्रलाई भूमरी (ट्विस्ट) बनाउने चक्करमा कथा रुमलिएको छ र कमजोर बनेको छ । फिल्मको सिनेमाटोग्राफी राम्रो देखिन्छ । पुरै चलचित्रमा पोखराको फेवाताल वरपरको प्राकृतिक दृष्यले चलचित्रलाई आकर्षक बनाएको छ ।

लक्ष्मी गिरी, राजाराम पौडेल, र अंशु थापाको कमेडीले दर्शकलाई बिचबिचमा हल्का राहत दिएको छ । कही कही सस्ता संवाद दिए पनि उनिहरुको कमेडी प्रभावकारी नै छ। करिश्मा श्रेष्ठको अभिनयमा केही निख्खारता देखिंदा दीपिका प्रसाईंको अभिनयले दर्शकको मन लान्न सकेको देखिदैन । पल शाह चरित्रमा फिट हुन सकेका छैनन् ।

फिल्मको कथा त्रिकोणात्मक प्रेम सम्बन्धलाई आधार बनाएर लेखिएको छ । तर कथामा नयाँ पन केही छैन । कथा र कथ्य शैलीमा नयाँपन दिन नसकिएको प्रष्ट हुन्छ । हिरोको दुर्घटना हुँदा हिरोइन आईपुग्नु, हिरोइन पछ्याउदै हिरो अस्पताल धाउनुजस्ता सिनले चलचित्रमा पुरानो पाराको स्वाद भेटिन्छ । चलचित्र चलाउन सस्तो संवादको सहारा लिएको भन्ने लाग्छ । चलचित्रमा थुप्रै भावुक दृश्य छन् तर ती दृश्यले दर्शकको मन छुन सक्दैन/छुन सकेन ।

निर्देशक दिवाकर भट्टराईले निर्देशनले ९० को दशककै कथ्यशैली देखाइरहेको छ । सुरुवातमा २ पात्रलाई मात्रै फिचराइज्ड गरेर मध्यान्तर मा अर्को पात्र प्रवेशलाई नै सस्पेन्स बनाउन खोजेको कथाले अन्तिमको नतिजासम्म सस्पेन्स टिकाउन सक्दैन र नतिजा सहजै अनुमान गर्न सकिने बनाएको छ । फिल्म निर्माणमै हुने कमजोरी समेत 'मायावी' मा छ ।

प्रेम मनबाट हुने हो । प्रेमकथाको पक्ष भावना हो । तर 'मायावी'का प्रेमिल संवाद अनि दृश्यहरू प्रभावकारी लाग्दैनन् । पात्रबीचको भावनात्मक सम्बन्धलाई दर्शकको मनसम्म पुग्ने गरी लैजानै सकेका छैनन् । कथासँगै दर्शकको मनले यात्रा गर्न सकेको छैन मायावीमा । अक्सर चलचित्र भन्दा बढी गीतलाई स्थान दिइएको छ मायावीमा । ८ वटा गीतले स्थान पाएको फिल्ममा ती गीतले कथालाई अझै कमजोर बनाएको छ।

फिल्मले प्रेम केवल भौतिक सुख सुविधालाई मात्रै हेरेर मात्र हुन्न भन्ने सन्देश दिन खोजेको छ । प्रेममा त्याग हुनुपर्छ भन्ने प्रेरणादायी सन्देश प्रवाह गर्न खोजेको भए पनि चलचित्रलाई भूमरी(ट्विस्ट) बनाउने चक्करमा कथा रुमलिएको छ र कमजोर बनेको छ । फिल्मको सिनेमाटोग्राफी राम्रो देखिन्छ । पुरै चलचित्रमा पोखरा को फेवाताल वरपरको प्राकृतिक दृष्यले चलचित्रलाई आकर्षक बनाएको छ ।



फिल्मको पहिलो भागको कथा सुस्तरी अगाडि बढ्छ। जहाँ निर्देशकले दर्शकको धैर्यताको परीक्षा नै लिए समान अनुभव हुन्छ । कथासँगै कमजोर देखिएको छ पटकथा । भनाईमा हिरोइनको बुबाको पात्रलाई कडा मिजासको देखाउन खोजिए पनि उनलाई कुनै पनि दृश्यमा त्यसरी प्रस्तुत गरिएको छैन ।

त्यसो त अष्ट्रेलियामा पढ्न जादा भटेको र माया बसेको भनेर कथान्तरको मध्य तिर मुख्य पात्रलाई सप्राइज दिन हिरोइनले उभ्याएको पात्र कतैबाट टिपेर ल्याएको जस्तो लाग्छ । घर इन्डिया मात्रै भनिएको पात्र इन्गेजमेन्ट पछि टाढा हुँदा हिरोइनले महसुस गरेको फ्रड पात्र पल प्रतिको माया नै कथाको मुख्य सार हो । पहिले ननसेन लाग्ने पात्र पछि हिरोइनले टाढा राख्छु भन्दा नसकेको देखाएको टाढा रहनेहरुसँग खासै मन नबस्ने यथार्थ फिल्मले भन्न खोजेको देखिन्छ ।

अभिनेता पल शाहका फ्यानहरुका लागि खुशीको खबर बनेर आएको चलचित्र 'मायावी' उनको करियरको एउटा कमजोर चलचित्रको रुपमा नेपाली रजतपटमा नाम लेखाएको छ । धेरै ठाँउमा चलचित्र हेर्दा अल्छी लाग्छ । दर्शकले गफ गर्ने, अन्त मन लगाउन सक्छन् ।

यस अगाडि 'मेरो जीवन साथी' 'स्टुपिड मन', 'ऐश्वर्य' र 'क्याप्टेन'जस्ता फिल्म निर्देशन गरिसकेका दिवाकरले निर्देशन गरेको मायावी कमजोर चलचित्र हो भन्न सकिन्छ ।

कसैलाई नाम देख्दा आहा भन्ने लागेर मायावी हेर्न जानु भयो र हेरि रहँदा मजा लागेन भने त्यसको टिमलाई नरम तरिकाले गाली गर्ने छुट पक्कै हुनेछ । चलचित्रको अन्त्य दर्शकले कल्पना गर्न खोजेका तर यसो होला की भन्दै अलिअलि उत्सुकता छ । तर व्यावहारिक जीवनमा यस्ता घटना सायदै हुन्छ । ४/५ वर्षको नानी बाबुले पहिलो भेटमै एक अर्का प्रति देखाएको आत्मियता राम्रो देखिदैन् ।

अन्तमा कमजोर कथाबस्तु, औसत पटकथा संवाद, सामान्य अभिनय लगायतका कारण चलचित्र मायावी औसत चलचित्रभन्दा माथि उठेको छैन । निर्देशक दिवाकर भट्टराईको पर्दामा कथा भन्ने शैली पुरानै चलचित्रको प्रभाव देखाउँदा नेपाली सिनेजगतमा 'मायावी' परम्परागत चलचित्रकै रुपमा आएको छ । दर्शकको मन जित्न ठूलो बजेट, महँगा नाम चलेका कलाकार राखेर चलचित्र निर्माण गर्ने होइन उत्कृष्ट कथाबस्तु, कलात्मक दृष्टिकोण र अभिनयमा पोख्त कलाकार भए हुन्छ । जादाजादै चलचित्रको समूहलाई शुभकामना । *अनलाइन संस्करण सहीखबर डटकमबाट*

कस्तो छ अहिले सिनेमा हलमा चलिरहेको 'लाज शरणम्'?

○संगीता गिरी

कुमार कट्टेल (जिग्री) निर्देशित फिल्म लाज शरणम् गत बुधबार देखि प्रदर्शनमा आएको छ । प्रदर्शनअघि यो फिल्मले निकै चर्चा पाएको थियो। टेलिशृंखला सक्किगोनि बाट आफ्नो छाप छाड्न सफल टिम फिल्म निर्माणमा होमिएको थियो।

फिल्ममा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले नेपाल हाँसेको बोलको गीत गाएपछि यसको चर्चा अझै चुलिएको थियो। फिल्म रिलिजताका निर्माण टिमले समस्या झेल्नुपर्‍यो। फिल्ममा कलाकार सीताराम कट्टेल (धुर्मुस) ले निर्वाह गरेको पात्रको आवरण आफूसँग मिलेको भन्दै पूर्वमन्त्री मोहम्मद अफताब आलमले पाटन उच्च अदालतमा उजुरी दर्ता गरे। अदालतमा उजुरी परेपछि निर्माण टिमलाई फिल्मको प्रचार सामग्री प्रसारण नगर्न बताइएको थियो।

फिल्ममा पूर्वमन्त्री आलमलाई ठेस पुर्‍याउने कुनै विषयवस्तु नभएको भनेर सेन्सर पास भएपछि रिलिजको बाटो खुलेको थियो। ट्रेलर सार्वजनिक गर्ने तयारीमा रहेको निर्माण टिमले सिधै फिल्म रिलिज गर्‍यो। ट्रेलरबिनै फिल्म सार्वजनिक गर्दा पनि दर्शकले फिल्मलाई पहिलो दिन भरपुर साथ दिए ।

तर 'लाज शरणम'ले रिलिज अगाडिको चर्चा कायम राख्न सकेको देखिदैन। विमानस्थलबाट सुन तस्करी गरेको कथा कर्णालीसँग जोड्न निर्देशक कुमार कट्टेलले धेरै मेहनत गरेका छन्। तर फिल्म औसत बनेको छ। विमानस्थलमा काठको बाकसमा आउने शवको ठाउँमा सुन तस्करी गरेको दृश्यबाट फिल्म सुरू हुन्छ। नक्कली आमाबुबा बनाएर विमानस्थलबाट सुन तस्करी गर्न सफल देखिन्छरु सोनालाल (सीताराम कट्टेल) र गज्जु दादा (अर्पण थापा) सहितको टिम।

यहीबीच एक पटक बाकसमा सुन नभएर शव नै आइपुग्छ। त्यसपछि सुन कहाँ हरायो भनेर खोजी सुरू हुन्छ। सुन कता पुग्यो, कसरी सुनको ठाउँमा शव आइपुग्यो भन्ने कथा देखाउन धेरै नै समय लगाइएको छ। दर्शकलाई पट्यार लाग्न सक्छ। हास्य टेलिशृंखला निर्माण गर्दै आएका 'सक्किगोनि' टिमको फिल्म भनेपछि दर्शकहरू हलमा मज्जाले हाँस्न पाइन्छ होला भन्ने आश लिएर जान सक्छन्। तर फिल्ममा हाँसो लाग्ने त्यस्तो कुनै खास कुरा भेटिदैन।

फिल्मले कर्णालीको सुन्दरतासँगै कर्णालीको व्यथा समेटेको छ। यसलाई अझै सुन्दर बनाउने काम ब्याकग्राउन्ड म्युजिकले गरेको छ। सीताराम कट्टेल, विजय बराल, अर्पण थापा, महेश त्रिपाठी, मुकुन्द श्रेष्ठ, विजय लामा, रेणुनाथ योगी, सागर लम्साल, हरि निरौला, अर्जुन घिमिरे, कमलमणि नेपाल, प्रियाना आचार्य, दयाहाङ राई र बुद्धि तामाङ लगायतको अभिनय छ। थुप्रै कलाकारलाई समान महत्त्व दिन खोज्दा फिल्मको सन्तुलन भने बिग्रिएको भान हुन्छ। फिल्मको अन्तिमसम्म पनि मुख्य पात्र को हो भन्ने छुट्याउनै मुस्किल पर्छ। मध्यान्तरअघि सागर लम्साल (बले) मुख्य पात्र हो कि भन्ने भान हुन्छ। मध्यान्तरपछि महेश त्रिपाठीलाई मुख्य पात्रका रूपमा देखाइएको छ।

महेशले सन्देश नामको पात्रको भूमिका निर्वाह गरेका छन्। उनले दमदार अभिनय गर्दै करिअरमा अकी इँटा थप्ने काम गरेका छन्। उनीसँगै अभिनेत्री रेणुनाथ योगीको अभिनय पनि अब्बल देखिएको छ।

विजय बराल त यसै पनि आफ्नो हरेक भूमिकालाई न्याय गर्ने अभिनेतामा पर्छन्। 'पूर्णबहादुरको सांरगी'बाट सर्वाधिक चर्चामा रहेका उनले 'लाज शरणम' मा पनि बलियो प्रस्तुति दिएका छन।

समग्रमा कलाकारहरूको अभिनय फिल्मको राम्रो पक्ष हो। सीताराम कट्टेलको पात्र भने लाउड देखिएको छ। फिल्ममा एक संवाद छ म त ओभररेटेड कलाकार हो नि ! यो संवाद अर्जुन घिमिरे (पाँडे) ले बोलेका हुन्छन। तर यो संवाद संयोगवस् सीताराम कट्टेलले निर्वाह गरेको पात्र सोनालालसँग चाहिँ मिल्न पुग्छ। फिल्ममा राजनीतिका कारण कर्णालीको विकास हुन सकेन भन्ने असन्तुष्टि देखाइएको छ। तर यसको समाधान के गरेर हुन्छ, जनताले आफ्नो तर्फबाट के कस्ता प्रयास गर्न सक्छन् भनेर देखाउने प्रयास गरिएको छैन।

यद्यपि फिल्ममा गरिब र धनाढ्य परिवारको कथालाई एकै फ्रेममा समेट्ने प्रयास गरिएको छ। यसले दर्शकको मन छुन सक्छ। फिल्मको क्लाइमेक्स भने चित्र् बुझ्दो छैन। यसको दोस्रो भाग बनाउन कथा अधुरै टुंग्याइएको छ। निर्माण टिमले दर्शकको चाहना बुझेर राम्रो फिल्म बनाएको दाबी गरे पनि र धेरै चर्चा पाए पनि 'लाज शरणम' औसत बनेको छ। बक्सअफिसमा यसले कस्तो प्रदर्शन गर्छ भन्ने हेर्न चाहिँ बाँकी नै छ।

सेतोपाटीबाट

मनहरीमा नवजात शिशुको शव फेला

◯ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको मनहरीमा नवजात शिशुको शव फेला परेको छ । मनहरी गाउँपालिका वडा नम्बर ७ स्थित डम्पिङसाईटमा नवजात शिशु (छोरी) को सालनाल सहितको शव फेला परेको मकवानपुर प्रहरीले जनाएको छ ।

नवजात शिशुको शव प्राप्त भएको जानकारी इलाका प्रहरी कार्यालय मनहरीमा प्राप्त भएकोमा प्रहरी निरीक्षक विशाल सापकोटासहितको टोली खटिइ अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । 'शव कस्ले फालेको हो भन्ने खुलेको छैन' जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले भने 'एक, दुइ दिन अगाडी मात्रै जन्माएर फालेको हुनसक्ने देखिएको छ ।'

प्रहरीका अनुसार शिशुको शव सालनाल सहित रहेको तथा थप अनुसन्धान कार्य भईरहेको छ ।

बादुली–खिलध्वज लघुकथा पुरस्कार पौडेललाई



◯ सहीखबर संवाददाता

काठमाडौं । लघुकथा समाज नेपालले यो वर्षको बादुली खिलध्वज लघुकथा पुरस्कार लघुकथा चौतारी मकवानपुरका संयोजक किशन पौडेललाई प्रदान गर्ने निर्णय गरेको छ ।

समाजले बर्सेनि प्रदान गर्दै आएको उक्त पुरस्कारसँगै 'सावित्री केशर कथा पुरस्कार २०८१ को समेत घोषणा छ ।

३१ हजार रूपैयाँ राशीको उक्त पुरस्कार पौडेललाई प्रदान गरिने निर्णय भएको लघुकथा समाजका अध्यक्ष गोपाल अरूकले बताए ।

गत बिहीबार बसेको समाजको कार्यसमितिको बैठकले उक्त निर्णय गरेको हो ।

उनका खुसी र अन्तर्दृष्टि लघुकथा संग्रह प्रकाशित छन् । अन्तर्दृष्टि हिन्दी भाषामा अनूदित लघुकथा सङ्ग्रह हो ।

साथै गजल, मुक्तक र कविता विधामा कलम चलाउँदै आएका पौडेलको 'कहर' गजल सङ्ग्रह समेत प्रकाशित छ । उनी मातृभूमि साहित्य समाज हेटौंडाका सचिव छन् ।

यसैगरी समाजको बिहीबार नै बसेको बैठकले 'सावित्री केशर कथा पुरस्कार २०८१' अग्रज कथाकार ध्रुव सापकोटालाई प्रदान गर्ने निर्णय गरेको छ । कथाकार सापकोटाको उपन्यास र कथा सहित १० वटा पुस्तक प्रकाशित छन् ।

घटना दर्ता सम्बन्धी सूचना

व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो । यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।

राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ । व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ । यस वडाबासी सबैलाई घटना भएको ३५ दिन भित्र वडामा दर्ताको लागि अनुरोध छ ।

जनहितको लागि सहीखबर

युवा संघ थाहा नगरमा रायमाझीको नेतृत्व



◯ सहीखबर संवाददाता

थाहानगर। राष्ट्रिय युवा संघ, नेपाल थाहा नगर कमिटी अध्यक्षमा सुमन रायमाझी चयन भएका छन् । बुधबार भएको थाहा नगर अधिवेशनले रायमाझीको नेतृत्वमा ३१ सदस्यीय कमिटी सर्वसम्मत निर्वाचित भएको हो ।

निर्वाचन मण्डलका अध्यक्ष प्रतिमा श्रेष्ठका अनुसार युवा संघ थाहा नगर कमिटी उपाध्यक्षमा प्रविण घलान, सचिवमा धनबहादुर गोले, उपसचिवद्वयमा सुशान काकी, यार्साङ बल र कोषाध्यक्षमा रोजन बस्नेत निर्विरोध भएका छन् ।

यसैगरी कमिटीको सदस्यहरूमा रेशिम प्रधान, विष्णु बहादुर गोले, संजिव श्रेष्ठ, विराज थापा, संग्राम काकी, सुरेन्द्र बतौला, सुमन गोले, सुवास पाखिन, मिनबहादुर पाखिन, नवराज विडारी, पुष्कल थापा मगर, सुमन गतौला, विवश थिङ, देवेन्द्र घलान, दिपक थिङ, प्रशान्त बस्नेत, अनिल श्रेष्ठ, मनोज गमाल, अमिर गोपाली, सुमन गोले, शक्तिमान गोले, बुद्ध स्याङ्तान र सुकराम बल चयन भएका हुन् ।

यसैगरी साइवर सर्कल प्रमुखमा सुरज केसी र प्रचार विभाग प्रमुखमा विराजन बस्नेत चयन भए ।

नवनिर्वाचित कमिटीलाई नेपालका केन्द्रीय सदस्य एवम् मकवानपुर ईञ्चार्ज प्रतिमा श्रेष्ठले पद तथा गोपिनियताको शपथ गराएकी थिइन् । अधिवेशनमा प्रमुख अतिथि प्रतिमा श्रेष्ठ, अतिथिहरू बरिना बल, सुरेश रूम्बा, राजेश नगरकोटी, शशीधर सुवेदी, विमलकुमार ढकाल, सुरेन्द्रमान प्रधान, हेमकुमार थिङ, सुजनकुमार रायमाझी र देवेन्द्र थोकरले युवा संघको आवश्यकता औंल्याएका थिए ।

अधिवेशन आयोजक कमिटी संयोजक देवेन्द्र थोकरको अध्यक्षता र राष्ट्रिय युवा संघ, नेपालका केन्द्रीय सदस्य एवम् मकवानपुर ईञ्चार्ज प्रतिमा श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको अधिवेशनमा युवा संघका केन्द्रीय सदस्य राजन थोकर, प्रदेश सदस्य तथा थाहा ईञ्चार्ज सुरेश रूम्बा, जिल्ला अध्यक्ष राजेश नगरकोटी, युवा संघ केन्द्रीय निर्वाचन आयोग सदस्य रूपेश श्रेष्ठ, केन्द्रीय लेखा आयोग सदस्य सुनिल खत्री, एमाले प्रदेश सदस्य बरिना बल, पूर्व प्रदेश सदस्यहरू श्यामभक्त श्रेष्ठ, बुद्धरत्न मानन्धर, जिल्ला सदस्यहरू शशीधर सुवेदी, विमल कुमार ढकाल, हरि गोपाली, सुनिता दोङ, तुलसा विष्ठ, पाटी नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, उपाध्यक्ष हेमकुमार थिङ, सचिव सुजनकुमार रायमाझी, पूर्व जिल्ला सदस्य शिवराम थापा, नगर कमिटीका सदस्यहरू, जनवर्गीय संगठनका अध्यक्ष लगायतको आतिथ्यता थियो ।

युवा संघले गयी विरामीलाई सहयोग

नेकपा एमाले निकट राष्ट्रिय युवा संघ, नेपाल थाहा नगर कमिटीले अधिवेशनकै दिन विरामीलाई आर्थिक सहयोग गरेको छ ।नगर अधिवेशनको अवसरमा थाहा ७ का मृगौला रोग पीडित जुनु तमाङलाई १७ हजार ७ सय ७० रूपियाँ आर्थिक सहयोग गरेको नवनिर्वाचित अध्यक्ष सुमन रायमाझीले जानकारी दिए ।

अध्यक्ष रायमाझीले अधिवेशनमा संकलन भएको उक्त रकम पीडित तमाङका भिनाजू शरण मोक्तानलाई बुझाएका हुन् । पीडित जुनु तमाङलाई थप सहयोग गर्न युवा संघले अपिल पनि गरेको छ ।

जरा अभियान प्रभावकारी बनेको एमाले मनहरीको निष्कर्ष



मकवानपुर । नेकपा एमालेले सुरू गरेको जरा अभियान प्रभावकारी बनेको एमाले मनहरीको दोस्रो पूर्ण बैठकले निष्कर्ष निकालेको छ ।

मनहरी गाउँपालिका कमिटीको रजैयास्थित अग्निहोत्राश्रममा भएको बैठकले तीन महिने जरा अभियान अन्तर्गत मनहरी गाउँपालिकाका ९ वटै वडामा भएका पार्टी र जनसंगठन कमिटीहरूको प्रगति विवरणहरूको समिक्षा गर्दै अभियान प्रभावकारी भएको निष्कर्ष निकालेको हो ।

मंगलबारको बैठकमा हरेक वडामा खटिएका जिल्ला कमिटीका सदस्यहरूले वडाको बस्तुगत अबस्था र आगामी दिनमा गर्नुपर्ने कामका रिपोर्टिङ गरेको एमाले गाउँपालिका कमिटी सचिव पोशकबाबु बिष्टले बताए ।

तीन महिने अभियानको मध्यावधि समिक्षा गरिएको र आगामी चैतको दोस्रो साता आयोजना हुने तेस्रो पूर्ण बैठकमा जरा अभियानको प्रभावकारिता मापन हुने उनले जानकारी दिए।

बैठकलाई सम्बोधन गर्दै नेकपा एमाले केन्द्रीय कमिटी सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर रानाले जरा अभियानले पार्टीका गतिविधिहरूलाई सक्रिय बनाउँदै सुसुप्त रहेका शक्तिहरूलाई उजागर गर्ने बताए ।

पार्टी र सरकारप्रति अहिले भइरहेको अनावश्यक आरोप, टिप्पणी र प्रचारबाट एमालेजन सचेत हुनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा बागमती प्रदेश कमिटी उपसचिव एवम् प्रचार विभाग प्रमुख भक्तकुमारी लामाले संगठन निर्माण, परिचालन, एजेण्डाको उठान लगायतका बिषयहरू जानकारी गराएका थिए ।

एमाले जिल्ला अध्यक्ष श्रीधर पोखरेलले जिल्ला कमिटीले गरेको निर्णयहरूको कार्यान्वयन पालिका कमिटी, वडा कमिटी र टोल कमिटीहरूले गर्नुपर्ने भन्दै जरा अभियानमा सबैजना जोडिनुपर्ने बताए ।

मनहरी गाउँपालिका कमिटि अध्यक्ष नवीन सुवेदीको अध्यक्षतामा भएको बैठकमा बागमती प्रदेश कमिटी सदस्य एवम् मनहरी गाउँपालिका इन्चार्ज अर्जुन अर्याल, बागमती प्रदेश कमिटी सदस्य एकराज उप्रेती, जिल्ला कमिटी उपसचिव आरती पाठक र गाउँपालिकामित्रका जिल्ला कमिटी सदस्यहरूको सहभागिता रहेको थियो ।

हेटौँडाको परिकल्पनाकार टोनी हेगनको शालिक अनावरण





○ सहीखबर संवाददाता

मकवानपुर । हेटौँडाको परिकल्पनाकार स्वीस नागरिक टोनी हेगनको सम्मानमा हेटौँडा १० मा उनको अर्धकदको शालिक निर्माण गरिएको छ । उनको शालिक यसैसाता अनावरण गरिएको छ ।

मंगलबार टोनी हेगनकी छोरी डा. क्याट्रिना हेगन, उपमहानगरपालिकाकी नगर प्रमुख मीना कुमारी लामा, निवर्तमान नगरप्रमुख हरिबहादुर महतले भुगर्भविद टोनी हेगनको अर्धकदको शालिक अनावरण गरे।

हेटौँडामा मानव वस्तीको परिकल्पना गरेका तथा नेपालविद भनेर चिनिएका डा. हेगनको सम्मानमा हेटौँडा उपमहानगर पालिकाले हेटौँडा-१० मा टोनी हेगन पार्क निर्माण गरेको छ । १ विगाहा ४ कट्ठा साढे १७ धुर क्षेत्रफल रहेको उक्त पार्कमै अर्धकदको शालिक निर्माण गरिएको हो । टोनी हेगनकी छोरी नेपाल आएको अवसर पारेर शालिक अनावरण गरिएको डा. टोनी हेगन स्मृति पार्क विकास मञ्चका अध्यक्ष ईन्द्रप्रसाद नेपालले जानकारी दिए । शालिक हेटौँडा १८ हर्नामाडीका लक्ष्मण भुजेलले निर्माण गरेका हुन् ।

पार्क निर्माणमा हेटौँडा उपमहानगरपालिका, हेटौँडा १० नम्बर वडा कार्यालय, बागमती प्रदेशका मन्त्रालयहरु, संघीय संसदको सांसद विकास कोष, हेटौँडा खानेपानी व्यवस्थापन बोर्ड, डिभिजन वन कार्यालयले सहयोग गरेको नेपालले बताए ।

अध्यक्ष नेपालका अनुसार ६ लाख रुपैयाँ लागतमा शालिक निर्माण गरिएको हो । टोनी हेगन पार्क निर्माणमा हालसम्म २ करोड ९ लाख ८१ हजार रुपैयाँ खर्च भइसकेको उनले बताए ।

मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्डको उपाधि हेटौँडालाई



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर जिल्लास्तरीय १५औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उपाधि साविक विजेता हेटौँडा उपमहानगरपालिकाले हात पारेको छ ।

जिल्ला खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगितामा हेटौँडाले १५ स्वर्ण, १० रजत र ९ कांस्य पदकसहित उपाधि कब्जा गरेको हो ।

प्रतियोगितामा १३ स्वर्ण, ५ रजत र १० कांस्य पदकसहित बकैया गाउँपालिका द्वितीय तथा ११ स्वर्ण, ९ रजत र ६ कांस्य पदकसहित थाहा नगरपालिका तृतीय भएको छ ।

प्रतियोगितामा मकवानपुरको १० मध्ये इन्द्रसरोवर गाउँपालिका बाहेक ९ वटा पालिकाबाट विभिन्न विधामा करिब ६ सय जना खेलाडीहरुको सहभागिता रहेको थियो ।

प्रतियोगिता अन्तर्गत भलिबल, एथ्लेटिक्स, कराँते, तेक्वान्दो कबड्डीलगायतका खेलहरु सञ्चालन भएको थियो ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई क्रमशः स्वर्ण, रजत र कांस्य पदकसहित प्रमाणपत्र प्रदान गरिएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मुक्तानको अध्यक्षतामा तथा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा मंगलबार पुरस्कार वितरण कार्यक्रम भएको थियो ।

साइवर सुरक्षाबारे सचेत रहौं

☞ अपरिचित लिङ्ग वा मेल नखोलौं,

☞ चिठ्ठा पर्यो भनि आएको मेल/लिङ्गहरूको विश्वासमा नपरौं,

☞ विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं,

☞ आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,

☞ आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,

☞ चिनजानकै व्यक्तिबाट मेसेजमा रकम माग गरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔं,

☞ सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा बैङ्किग कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं ।

शंका लागेमा नजिकको प्रहरी वा साइवर व्युरोमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड